# पोखरा विश्वविद्यालय

## परीक्षा नियन्त्रण कार्यालय

## पोखरा लेखनाथ महानगरपालिका-३०, कास्की

# विभिन्न किसिमका फाराम तथा खामहरु छपाई गरी सप्लाई गर्ने बारेको सिलबन्दी दरभाउपत्र आह्वान

(प्रथम पटक प्रकाशित मितिः- २०७४।०५।०५)

यस कार्यालयको आ.ब. २०७४/०७५ अवधिमा आवश्यक पर्ने दरभाउपत्रमा उल्लेखित विवरण अनुसारका परीक्षा तथा कोर्ष रजिष्ट्रेशन फाराम, परीक्षा पारिश्रमिक फाराम, बिदा फाराम, मार्क्स फोयल, प्रोभिजनल ग्रेडसीट, परीक्षा केन्द्रमा प्रयोग हुने विभिन्न किसिमका फारामहरु, परीक्षा सञ्चालन र कार्यालयमा प्रयोग हुने विभिन्न साईजका खामहरु छपाई गरी खरीद गर्नुपर्ने भएको हुँदा सम्बन्धित कामको इजाजत प्राप्त फर्म, संस्था, कम्पनीबाट देहायका सर्तहरुमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**<u>सर्तहरु</u>**

१. सिलबन्दी दरभाउपत्र फाराम मिति २०७४ साल भदौ १९ गते कार्यालय समयभित्र यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट बैङ्क, पोखरा शाखामा रहेको व.हि.नं. ०११०५०२००११९३८ वा कामना विकास बैकं लिमिटेडमा रहेको खाता नं ०१२००३०००२७३१७००००01 मा रु. ५००।-(अक्षरुपी पाँच सय रुपैयाँ मात्र) फिर्ता नहुने गरी जम्मा गरेको सक्कल बैङ्क भौचर पेश गरी खरिद गर्नुपर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नको लागि सम्बन्धित कामको लागि इजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी लिई उपस्थित हुनु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम भरी खाममा सिलबन्दी गरी खाम बाहिर यस कार्यालयको नाममा सम्बोधन गरी दरभाउपत्रदाताको नाम, ठेगाना, फोन नम्बर आदि स्पष्ट रुपमा उल्लेख गरी मिति २०७४ साल भदौ २० गते दिनको १२ बजेभित्र पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, पोखरा लेखनाथ म.ल.पा.-३०, कास्कीमा दर्ता गराईसक्नुपर्नेछ । उक्त दिन बिदा परेमा भोलिपल्ट कार्यालय समयभित्र दर्ता गर्न सकिनेछ ।

४. दरभाउपत्रसाथ फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आन्तरिक राजश्व कार्यालयबाट आर्थिक बर्ष २०७२/०७३ सम्म कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

५. दरभाउपत्रसाथ धरौटी वापत रकम रु. २२,०००।- (अक्षेरुपी बाईस हजार रुपैयाँ मात्र) यस कार्यालयको नाममा, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड पोखरा शाखामा रहेको व.हि.नं. ०११०५०२००११९३८ मा जम्मा गरी सोको सक्कल भौचर अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

६. छपाई गर्नुपर्ने फाराम लगायत अन्य सामाग्रीहरुको नमूना यस कार्यालयबाट दिइनेछ ।

७. प्राप्त दरभाउपत्रहरु मिति २०७४ साल भदौ २० गते दिनको १.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा परीक्षा नियन्त्रण कार्यालय, लेखनाथ, ढुङ्गेपाटनमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

८. यस सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा पोखरा विश्वविद्यालय खरिद नियमावली २०७२ बमोजिम हुनेछ ।

९. उल्लेखित छपाई सम्बन्धी कार्यहरुको स्पेसिफिकेशन लगायत अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

**सिलबन्दी दरभाउपत्र फाराम पाइने स्थानः-**

पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, पोखरा लेखनाथ म.न.पा.-३०, कास्की ।
फोनः- ०६१-५६१५४६, ५६१५८६, ५६१५८७
काठमाण्डौ सम्पर्क कार्यालय, रातोपुल, गौशाला, काठमाण्डौ ।
फोनः- ०१-४४८६९०२